नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.:- ४३२

मितिः-२०८२/०३/१०

नेपाल संवत् ११४५

विषयः- रोजगार आयोजनामा सुधारात्मक कार्ययोजना लागू गर्ने सम्बन्धमा ।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. pmep/४५३, मिति २०८२/०३/१० को रोजगार आयोजनामा सुधारात्मक कार्ययोजना लागु गर्ने सम्बन्धी पत्र र सोसाथ प्राप्त पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

३।१०

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः-**

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनु हुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**प्रधानमन्त्री रोजगार कार्यक्रम**

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ०८१।८२
च.नं./pmep/ ४२३

श्री नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

मितिः वि.सं. २०८२/०३/१०
ने.सं. ११४५ तछलागा चतुर्दशी, मंगलबार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषय: रोजगार आयोजनामा सुधारात्मक कार्ययोजना लागू गर्नेबारे सबै स्थानीय तहलाई परिपत्र गरिदिने सम्बन्धमा।

उपर्युक्त विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना अन्तर्गत विभिन्न स्थानीय तहहरूमा सञ्चालित रोजगार आयोजनाहरूमा श्रमिकको स्वास्थ्य तथा सुरक्षासम्बन्धी विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

यस सम्बन्धमा यसै साथ संलग्न पत्रको सुधारात्मक कार्यहरू सबै स्थानीय तहहरूबाट अनिवार्य रूपमा कार्यान्वयन गर्न/गराउन आवश्यक देखिएकाले सोही व्यहोराको पत्र तहाँ मार्फत सबै स्थानीय तहमा आवश्यक कार्यार्थ परिपत्र गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

२०८२।०३।१०
(कुशल बराल)
शाखा अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ०८१।८२
च.नं./pmep/

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

मिति: वि.सं. २०८२/०३/१०
ने.सं.:११४५ तछलागा चतुर्दशी, मंगलबार

श्री स्थानीय तहहरु, सबै।

विषय: सुधारात्मक कार्ययोजना लागू गर्ने सम्बन्धमा।

उपर्युक्त विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना अन्तर्गत सञ्चालित रोजगार आयोजनाहरूमा कार्यस्थल दुर्घटना भई श्रमिकहरूलाई चोटपटक लाग्ने, अंगभंग हुने वा मृत्युसमेत हुने गरेका घटनाहरू भएको पाइएको छ। यसप्रति विश्व बैंकले समेत चासो व्यक्त गरेको हुँदा रोजगार आयोजनामा खटिने श्रमिकहरूको कार्यस्थल स्वास्थ्य तथा सुरक्षाका सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

अतः रोजगार आयोजनामा कार्यरत श्रमिकहरूको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न प्रत्येक आयोजनाको वातावरणीय, सामाजिक तथा सुरक्षासम्बन्धी स्क्रिनिङ चेकलिस्टबमोजिम मूल्याङ्कन गरी स्वीकृत गर्ने, आयोजना प्रारम्भ गर्नुअघि जोखिम मूल्याङ्कन गर्ने, सम्भावित जोखिमको पहिचान गरी न्यूनीकरण तथा व्यवस्थापनका उपायहरू अवलम्बन गर्ने, कार्य प्रारम्भ गर्नुपूर्व प्रत्येक श्रमिकलाई कार्यस्थल स्वास्थ्य र सुरक्षासम्बन्धी अभिमुखीकरण प्रदान गर्ने, श्रमिकहरूलाई व्यक्तिगत सुरक्षा सामग्रीहरू उपलब्ध गराई तिनको उचित प्रयोग गर्न लगाउने, जोखिमपूर्ण कार्यको निरन्तर सुपरिवेक्षण गर्ने, ठूला ढुङ्गाहरू फुटाउने वा अन्य जोखिमयुक्त कार्य गर्दा उपयुक्त उपकरणको प्रयोग गर्ने, र भौतिक रूपमा जोखिमपूर्ण क्षेत्रमा कार्य गर्दा कार्यक्षेत्रको सीमाङ्कन गरी जोखिम मूल्याङ्कनका आधारमा सर्वसाधारणको आवतजावतमा रोक लगाउने जस्ता सुधारात्मक कार्यहरू गर्न/गराउनुहुन निर्णायानुसार अनुरोध छ।

२०८२।०३।१०
(कुशल बराल)
शाखा अधिकृत